# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

प्रदेश नं. १, नेपाल

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७/१०/०१)

नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौ र हिलिहाङ गाउँपालिका, पाँचथर जिल्ला प्रदेश नं. १ बीच मिति २०७७ मंसिर २२ गते भएको समझदारी-पत्र (MoU) बमोजिम यस गाउँपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणीकरणको कार्य अघि बढाउनु पर्ने भएको हुँदा निम्न बमोजिमको कर्मचारी आवश्यक भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट सिभिल बैंक गोपेटार शाखामा कार्यालयको नाममा रहेको हिलिहाङ-ग-१-१ आन्तरिक राजश्व खाता नं. ०६४१०१७८११६०४८ मा तोकिएको दस्तुर जम्मा गरेको सक्कल भौचर तथा तोकिएका कागजातहरु संलग्न राखी १५ दिनभित्र दरखास्त आव्हान गरिएको व्यहोरा सूचित गरिन्छ।

| विज्ञापन नं | पद | तह | सेवा/समुह | माग संख्या | न्यूनतम योग्यता | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| ०८/२०७७/७८ | सर्भेक्षक | सहायक पाँचौ | ईन्जिनियरिङ/ सर्भे | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस. ई. ई. वा सो सरह उत्तिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन बर्षे डिप्लोमा कोर्ष उत्तिर्ण वा विज्ञान वा भुगोल विषय लिई प्रमाण पत्र तह उत्तिर्ण गरी कम्तीमा १ वर्षको जुनियर नापी तालिम प्राप्त गरेको। | भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन ईकाइ कार्यालयले खटाएको स्थानमा |
| ०९/२०७७/७८ | अमिन | सहायक चौथो | ईन्जिनियरिङ/ सर्भे | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.ई.ई वा सो सरह उत्तिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ वर्षको तालिम प्राप्त गरेको। | |
| १०/२०७७/७८ | तथ्याकं संकलक | सहायक चौथो | प्रशासन/सा. प्र. | ३ (तीन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. ई. ई. वा सो सरह उत्तिर्ण गरेको। | |
| ११/२०७७/७८ | तथ्याकं प्रविष्टिकर्ता | सहायक चौथो | बिविध | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस. ई. ई वा सो सरह उत्तिर्ण गरी कम्तीमा ६ महिनाको कम्प्युटर तालिम लिएको। | |
| १२/२०७७/७८ | सामाजिक परिचालक | सहायक चौथो | प्रशासन/सा. प्र. | १ (एक) | एस. ई. ई वा सो सरह उत्तिर्ण | |
| १३/२०७७/७८ | फिल्ड सहयोगी | श्रेणी विहिन | प्रशासन/सा. प्र. | १ (एक) | कक्षा ८ उत्तिर्ण | |

१. **दरखास्त पाईने/दिने स्थान** : गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर।

२. **परिक्षाको किसिम** : संक्षिप्त सूची (Short Listing) प्रकाशन, अन्तर्वार्ता।

३. **आवेदकको उमेरको हद** : पुरुष उम्मेद्वारको हकमा आवेदन दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला उम्मेद्वारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४. **आवेदन दिने अन्तिम मिति** : २०७७/१०/१५ गते कार्यालय समयभित्र।

५. **संलग्न गर्नुपर्ने आवश्यक कागजात** : आवेदन फारामको साथमा नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, अनुभवको कागजातको प्रतिलिपि, तालिमको प्रमाण-पत्रको प्रतिलिपि र पासपोर्ट साईजको ३ प्रति फोटो।

६. **पारिश्रमिक तथा सेवा सुविधा** : नेपाल सरकारको सो पदका स्थायी कर्मचारीहरुको शुरु स्केल सरह।

७. **करार अवधि** : विज्ञापन नं. १० र ११ को हकमा ३ महिना र बाँकीको हकमा २०७८ असार मसान्त सम्म।

८. **परिक्षा दस्तुर** : सर्भेक्षकको हकमा रु ५०० अमिनको हकमा रु ४०० तथ्यांक संकलक, प्रविष्टिकर्ता र सामाजिक परिचालकको हकमा रु ४०० र श्रेणीविहिनको हकमा भने रु ३०० आवेदन दस्तुर बुझाउनुपर्नेछ।

९. फिल्डमा काम गर्नुपर्ने पदका लागि सिफारिस भएका उम्मेदवारहरुले सवारी साधनको व्यवस्था स्वयं आफैले गर्नुपर्नेछ।

१०. **अन्तर्वार्ता मिति** : संक्षिप्त सूची (Short Listing) मा परेका उम्मेदवारको अन्तर्वार्ता मिति कार्यालयले पछि तोक्नेछ।

११. आवेदनको फाराम यस कार्यालयको वेबसाईट www.hilihangmun.gov.np बाट र थप जानकारीका लागि मोबाईल नंबर ९८४४६४७४४४ मा सम्पर्क गर्न सक्नुहुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

०७७/०९/२८

विक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत